Nepali | नेपाली

Australian Government

NATIONAL BOWELCANCER SCREENING PROGRAM

# कोलोनोस्कोपी गराउने बारे जानकारी



**तपाईंको भाषामा जानकारीको लागि,** अनुवाद तथा दोभाषे सेवालाई 13 14 50 मा फोन गर्नुहोस् वा **www.health.gov.au/nbcsp-translations** मा जानुहोस्

**तपाईंको आन्द्राको स्क्रिनिङ परीक्षणले तपाईंको दिसामा रगत पत्ता लगाएको छ। रगत भेटिनुका धेरै कारणहरू हुन सक्छन्; धेरैजसो क्यान्सरसँग सम्बन्धित हुँदैनन्, तर यसको कारण पत्ता लगाउनु महत्त्वपूर्ण हुन्छ।**

☐ **तपाईंको परीक्षणको पोजेटिभ नतिजा बारेमा आफ्नो डाक्टरसँग छलफल गर्न भेटघाटको लागि समय तय गर्नुहोस्।** तपाईंको डाक्टरले कोलोनोस्कोपी भनिने परीक्षण सिफारिस गर्न सक्छन्।

## कोलोनोस्कोपीको बारेमा

कोलोनोस्कोपी एउटा प्रक्रिया हो जसमा तपाईंको आन्द्रा भित्र हेर्नको लागि कोलोनोस्कोप (स्कोप) भनिने सानो क्यामेरा जडित पातलो र लचिलो ट्यूब प्रयोग गरिन्छ।

डाक्टरले तपाईंलाई सहज होस् भनेर औषधि दिनेछन् (जसलाई बेहोश पार्ने औषधि भनिन्छ)।

तपाईं पल्टिएको बेला, डाक्टरले मासु पलाएको वा बढेको हेर्नको लागि तपाईंको मलद्वारदेखि आन्द्रासम्म स्कोप घुसाउनेछन्।

कोलोनोस्कोपी गर्दा कस्तो हुन्छ तपाईंले यो महसुस गर्नुहुने छैन वा त्यो बेला तपाईं सचेत हुनुहुने छैन।

यो प्रक्रिया पूरा गर्न ४५ मिनेटसम्मको समय लाग्छ। तपाईं ३ देखि ४ घण्टा सम्म अस्पतालमा बस्नु पर्ने हुनसक्छ।

तपाईंले आफ्नो कोलोनोस्कोपी सार्वजनिक वा निजी अस्पताल वा क्लिनिकमा गराउन सक्नुहुन्छ।

## मेरो डाक्टरले किन कोलोनोस्कोपी सिफारिस गर्नुपर्ने हुन्छ?

- रक्तस्रावको कारण जाँच गर्ने सबैभन्दा राम्रो तरिका कोलोनोस्कोपी हो।
- कोलोनोस्कोपी गर्दा, डाक्टरले सामान्यतया भेटिएका कुनै पनि मासु पलाएको (पोलिप) वा गाँठो उम्रेको हटाउनेछन्।
- मासु पलाएको (पोलिप) भन्नाले आन्द्राको तहमा सानो गाँठो उम्रिनु हो जुन कहिलेकाहीं क्यान्सरमा परिणत हुन सक्छ।
- मासु पलाएको हटाउनाले क्यान्सर रोक्न मद्दत गर्छ र यो पीडारहित हुन्छ।
- हटाइएका पोलिप वा गाँठाहरू घातक (क्यान्सरयुक्त) छन् वा सौम्य (हानिरहित) छन् भनेर प्रयोगशालामा परीक्षण गरिन्छन्।

## कोलोनोस्कोपीको लागि कसरी तयारी गर्ने?

यदि तपाईंलाई कुनै स्वास्थ्य समस्या छ वा नियमित औषधि सेवन गर्दै हुनुहुन्छ भने तयारी सुरु गर्नु अघि आफ्नो डाक्टरसँग कुरा गर्नुहोस्। उनीहरूले तपाईंलाई कोलोनोस्कोपी गर्नुभन्दा केही दिन अघिसम्म कुनै औषधिहरू नलिन भन्न सक्नेछन्।

तपाईंलाई कसरी तयारी गर्ने भनेर बताइनेछ, जसमा निम्न कुराहरू समावेश छन्:

- **आहार।** तपाईंको कोलोनोस्कोपी अघिका दिनहरूमा के के कुराहरु खाने र पिउने।
- **आन्द्राको तयारी।** तपाईंको आन्द्रा खाली गर्न शौचालय जान बाध्य पार्ने औषधि सहितको किट कसरी प्राप्त गर्ने?

डाक्टरले तपाईंको आन्द्रा भित्र हेर्न सजिलो बनाउन तपाईंले आन्द्राको तयारी सम्बन्धी निर्देशनहरू ध्यानपूर्वक पालना गर्नुपर्छ। अन्यथा, तपाईंले फेरि कोलोनोस्कोपी गर्नुपर्ने हुन सक्छ।

## कोलोनोस्कोपी गरे पछि के हुन्छ?

जब तपाईं कोलोनोस्कोपी पश्चात ब्यूँझनुहुन्छ, तपाईंलाई केही खान र पिउन दिइनेछ। तपाईंले हल्का सुन्निएको महसुस गर्न सक्नुहुन्छ, तर यो लगभग एक घण्टासम्म मात्र रहनेछ। तपाईंको थोरै मात्रामा रगत बग्न सक्छ, तर यो सामान्य हो।

तपाईंको कोलोनोस्कोपी कस्तो भयो, घर पुगेपछि आफ्नो हेरचाह कसरी गर्ने, आफ्नो सामान्य आहार र औषधि कहिलेदेखि सुरु गर्ने, र आवश्यक पर्ने कुनै पनि अनुगमन (फलोअप) यी सबै कुराहरुको बारेमा बताइनेछ। साथी वा परिवारका सदस्यले तपाईंलाई घर लैजानुपर्छ र तपाईंसँगै बस्नुपर्छ।

तपाईं र तपाईंको डाक्टरलाई कोलोनोस्कोपी र कुनै पनि प्रयोगशाला परीक्षणको नतिजा सम्बन्धी रिपोर्ट उपलब्ध गराइनेछ।

तपाईंले वा तपाईंको डाक्टरले तपाईंको प्रयोगशालाको नतिजा राष्ट्रिय क्यान्सर स्क्रिनिङ रेजिस्टर लाई बुझाउनुपर्छ।

तपाईंलाई बेहोश पार्ने औषधि दिइएको हुनाले, तपाईंको कोलोनोस्कोपी पछिको २४ घण्टासम्म निम्न कुराहरूमा ध्यान दिनुहोस्:

- गाडी नचलाउनुहोस्
- एक्लै यात्रा नगर्नुहोस्
- मेसिनरी यन्त्र प्रयोग नगर्नुहोस्
- कानुनी कागजातमा हस्ताक्षर नगर्नुहोस्
- मद्यपान नगर्नुहोस्।

## कोलोनोस्कोपी कत्तिको भरपर्दो हुन्छ?

कोलोनोस्कोपी निकै भरपर्दो हुन्छ र तपाईंको परीक्षणको नतिजा किन पोजेटिभ आयो भनेर पत्ता लगाउने उत्तम तरिका हो। तपाईंको यो परीक्षणको क्रममा निकै कम तर केहि छुट्ने सम्भावना रहन्छ।

यदि कुनै क्यान्सर वा मासु पलाएको फेला परेन भने, तपाईंले राष्ट्रिय आन्द्राको क्यान्सर स्क्रिनिङ कार्यक्रम मार्फत स्क्रिनिङ गराइरहनु पर्छ। तपाईंको अर्को स्क्रिनिङको समय भएपछि, हामी तपाईंलाई अर्को परीक्षण किट पठाउनेछौं।

## कुनै जोखिम वा साइड इफेक्टहरू हुन्छन्?

कोलोनोस्कोपी पछि हुने साइड इफेक्टहरू सामान्यतया देखिँदैनन्। आन्द्राको तयारी गर्दा तपाईंलाई टाउको दुख्ने वा बान्ता हुने वा कोलोनोस्कोपी पछि रक्तस्राव हुने हुन सक्छ। तपाईंलाई बेहोश पार्ने औषधिले असर गर्न सक्छ, तर यो निकै दुर्लभ हुन्छ। विरलै, केही मानिसहरूलाई फेरि अस्पताल जानुपर्ने हुन्छ।

कोलोनोस्कोपी गर्नुअघि तपाईंले आफ्नो डाक्टरसँग कुनै पनि जोखिम वा चिन्ताको बारेमा कुरा गर्नुपर्छ।

## के कोलोनोस्कोपीको लागि शुल्क लाग्छ?

सार्वजनिक अस्पतालमा पब्लिक बिरामीको रूपमा उपचार गराउँदा कोलोनोस्कोपी गर्नको लागि कुनै शुल्क लाग्दैन। यदि तपाईंले प्राइभेट बिरामीको रूपमा कोलोनोस्कोपी गराउनुभयो भने, तपाईंको निजी स्वास्थ्य बीमाको आधारमा तपाईंले तिर्नुपर्ने हुन सक्छ। तपाईंले आन्द्रा तयारी किटको लागि पैसा तिर्नु पर्ने हुन सक्छ।

## प्रश्नहरू?

यो पर्चाले तपाईंलाई कोलोनोस्कोपीको प्रक्रिया बारे बुझ्न मद्दत गर्न सक्छ। तपाईंको डाक्टर वा अस्पतालले तपाईंलाई थप जानकारी दिन सक्छन्।

DT0004036 - 0825

राष्ट्रिय आन्द्राको क्यान्सर स्क्रिनिङ कार्यक्रमको बारेमा थप जान्नुहोस्

www.health.gov.au/nbcspl